नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority
(स्थापना - २०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
Email: admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या:-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

मिति:२०८३/०६/१३

सूचना नं.३/२०८३/०८४

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा जारी गरिएको सूचना।

प्राधिकरणबाट जारी गरिएको "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" बमोजिम प्राधिकरणबाट आ.व. २०८२/०८३ मा संचलान इजाजपत्र प्राप्त गरेका सहकारी संस्थाहरुले मिति २०८३ आश्विन मसान्तसम्ममा दर्ता हुनेगरी देहायबमोजिमका कागजात सहितको निवेदन प्राधिकरणको ईमेल ठेगाना : info@ncra.gov.np मा पेश गर्न सक्ने गरी सूचना प्रकाशन गर्ने भनी राष्ट्रिय सहकारी नियमन प्राधिकरण (अध्यक्षस्तर) निर्णय भएकोले प्राधिकरणबाट इजाजतपत्र प्राप्त संस्थाहरुले देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन पेश गर्नुहुन सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहाय

१. संस्थाको सञ्चालन इजाजतपत्र प्रतिलिपि,
२. संस्थाको आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनको वासलात विवरण देखिने प्रमाणित पृष्ठ,
३. संस्थाको आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. संचालक समितिको पदाधिकरीहरुको निर्वाचन गरेको पछिल्लो साधारणसभाको निर्णयको प्रतिलिपि,
५. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" को दफा ३क. बमोजिम संचालक पदाधिकारी तथा व्यवस्थापकको फिट एण्ड प्रोपर टेस्टको कागजातहरुको व्यक्तिगत अभिलेख तयार गरी खण्ड (च) र (छ) बमोजिमको व्यहोरा प्रहरी प्रतिवेदनबाट र खण्ड (ज) बमोजिमको व्यहोरा कर्जा सूचना केन्द्रबाट प्रमाणित भएको कागजात,
६. तोकिए बमोजिमको स्वघोषणा,
७. सहकारी नियमावली, २०७५ को नियम ७क. को उपनियम (२) बमोजिमको संस्थाको वासलातको आधारमा तिरिएको नवीकरण दस्तुरको भौचर,

पुनश्चः १. तोकिएको अवधिभित्र संस्था नवीकरणको लागि निवेदन पेश नभएको हकमा नियमावली बमोजिम थप दस्तुर लाग्नेछ।

२. प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ मा सातौं संशोधनको सूचना जारी हुन अगाडी सञ्चालक समितिको निर्वाचनबाट निर्वाचित भई कार्यकाल बाँकी रहेका पदाधिकारीको हकमा फिट एण्ड प्रोपर टेस्ट सम्बन्धी शैक्षिक योग्यताको व्यवस्था लागू नहुने।

.....
(केशवराज भट्टराई)
निर्देशक

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज ५ गते, २०८३ साल (संख्या ३५

भाग ३

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

सूचना

संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३५

सहकारी (पहिलो संशोधन) नियमावली, २०८३

सहकारी नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **<u>मूल नियमावलीमा नियम ७क. थप</u>** : मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छ :-

"**७क. <u>इजाजतपत्रको नवीकरण</u>** : (१) ऐनको दफा १६क. बमोजिम प्राधिकरणबाट इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नवीकरणका लागि त्यस्तो संस्थाको कुल सम्पत्ति वा पूँजी तथा दायित्वको अनुपातमा देहाय बमोजिमको दस्तुर लाग्नेछ :-

(क) दुई करोडसम्म सम्पत्ति भएकोमा एक हजार रुपैयाँ,

(ख) दुई करोडभन्दा बढी दश करोडसम्म सम्पत्ति भएकोमा तीन हजार रुपैयाँ,

(ग) दश करोडभन्दा बढी पच्चिस करोडसम्म सम्पत्ति भएकोमा पाँच हजार रुपैयाँ,

(घ) पच्चिस करोडभन्दा बढी पचास करोडसम्म सम्पत्ति भएकोमा सात हजार रुपैयाँ,

(ङ) पचास करोडभन्दा बढी एक अर्बसम्म सम्पत्ति भएकोमा दश हजार रुपैयाँ,

(च) एक अर्बभन्दा बढी सम्पत्ति भएकोमा पन्ध्र हजार रुपैयाँ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा सोही आर्थिक वर्षको पुस मसान्तभित्र पचास प्रतिशत थप दस्तुर लिई प्राधिकरणले इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम नवीकरण गर्न नसकेका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र प्रत्येक आर्थिक वर्षका लागि शत प्रतिशत थप दस्तुर लिई प्राधिकरणले त्यस्तो इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

तर लगातार दुई आर्थिक वर्षसम्म इजाजतपत्र नवीकरण नगराउने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र स्वतः निलम्बन हुनेछ र त्यसरी निलम्बन भएको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले इजाजतपत्र नवीकरणका लागि वार्षिक साधारण सभा, लेखापरीक्षण प्रतिवेदन लगायत प्राधिकरणले तोकेका अन्य विवरण पेस गर्नु पर्नेछ।

(६) प्राधिकरणले यस नियम बमोजिमको इजाजतपत्र नवीकरण सम्बन्धी कार्य व्यवस्थापन सूचना प्रणाली मार्फत समेत गर्न सक्नेछ।

(७) ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको इजाजतपत्र नवीकरण गरिने छैन।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।